**Journal of Tikapur Multiple Campus**
Vol.7; February 2024
ISSN: 2382-5227
Published by Research Management Cell (RMC)
Tikapur Multiple Campus, Kailali, Nepal

# कालमहिमा कवितामा काव्यहेतश्र, प्रयोजन र शब्दशक्ति

**अनिल अधिकारी [१], माया घिमिरे [२]**
[१] महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर
[२] राममणि बहुमुखी क्याम्पस, रूपन्देही
Corresponding Author's Email: aniladhikaribhojpur@gmail.com

**लेखसार**

*प्रस्तुत लेखमा काल-महिमा कविताको स्रष्टा, सिर्जना र शब्दार्थ सम्बन्धका आधारमा विश्लेषण भएको छ । सामग्रीको सङ्कलन पुस्कालयबाट भएको यस लेखमा मूलसमस्या र शोध्यप्रश्नको समाधानका लागि पाठविश्लेषणमा आधारित गुणात्मक अनुसन्धानपद्धति तथा व्यख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग भएको छ । संस्कृत काव्यचिन्तनमा काव्यको भावसौन्दर्य तथा कलासौन्दर्यसँग सम्बन्धित काव्यहेतु, काव्यप्रयोजन, शब्दशक्ति, रस, ध्वनि, गुण, रीति, अलङ्कार, औचित्य, वक्रोक्तिजस्ता विषयका आधारमा विश्लेषण हुनेगर्दछ । यस लेखमा कविताको विश्लेषण काव्यहेतु, काव्य-प्रयोजनन र शब्दशक्तिसम्बन्धी सिद्धान्तका आलोकमा कालमहिमा कविताको विश्लेषण भएको छ । यस लेखमा सिर्जनाको कारक बनी स्रष्टा र सिर्जना बीचको अन्तर्सम्बन्धलाई बोध गराउने काव्यहेतु तथा सिर्जनाको लक्ष्य वा उद्देश्यलाई बोध गराउन आउने काव्यप्रयोजन तथा शब्दार्थ सम्बन्धका आधारमा साहित्यको अर्थ निर्धारण गर्ने शब्दवृत्तिसँग सम्बन्धित काव्यचिन्तनलाई सैद्धान्तिक अवधारणका रूपमा उपयोग भएको छ । प्रस्तुत कालमहिमा कवितामा अदृश्य तथा अमूर्त अवस्थामा रहेको कालका शाश्वत सत्यता, निरपेक्षता, निरन्तरता, गतिशीलता, निर्भिकताजस्ता प्रवृत्तिलाई कविप्रतिभा, शास्त्रज्ञान तथा अनुभव र अनुभूतिजन्य ज्ञानका आधारमा आध्यात्मिक भाव तथा कलासौन्दर्य काव्यहेतुका रूपमा प्रस्तुत भएको छ । यो कविता चतुर्वर्ग फलप्राप्तिका साथै लोकोपकारी तथा व्यावहारिक ज्ञानको प्रयोजन अभिव्यञ्जित भएको तथ्यका साथै आध्यात्मिक चिन्तनलाई भावजलधीमा तरल रूपमा प्रवाहित भएको वाच्यार्थमा शक्तिशाली रहँदै यही वाच्यार्थका माध्यमबाट लक्ष्यार्थ र व्यङ्ग्यार्थसमेत अभिव्यञ्जित भएको विषयमा विमर्श भएको छ ।*

***शब्दकुञ्जी*** : काव्यहेतु, प्रतिभा, व्युत्पत्ति, अभ्यास, काव्यप्रयोजन, शब्दशक्ति

*Copyright 2024 © Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-Non Commercial 4.0 International (CC BY-NC 4.0) License.*

## विषयपरिचय

प्रस्तुत लेख 'काल-महिमा' कविताको संस्कृत काव्यचिन्तनअन्तर्गत स्रष्टा, सिर्जना र शब्दार्थ सम्बन्धको विश्लेषणमा आधारित छ । यस लेखमा कवितामा अभिव्यञ्जित भावसौन्दर्य तथा कलासौन्दर्य दुवै पक्षको अध्ययन तथा विश्लेषण गरिएको छ । प्रस्तुत कविताका स्रष्टा लेखनाथ पौडयाल (१९४१-२०२२) आधुनिक नेपाली कविताको सूत्रपात गर्ने परिष्कारवादी भावधाराका कवि हुन् । कविता विधाका माध्यमबाट आफ्नो पहिचान बनाई त्यसैका माध्यमबाट प्रसिद्धि हासिल गरेका लेखनाथ पौडयाल १९६२ सालमा 'श्रृङ्गार पच्चिसी' र 'मानसार्कषिणी' कविता प्रकाशन गरी लेखी साहित्यिक क्षेत्रमा प्रवेश गरेका हुन् । यिनलाई कविव्यक्तित्व प्रदान गर्ने मुख्य कृतिहरू *लालित्य भाग १* (२०१०), *लालित्य भाग २* (२०२५), कविशिरोमणि लेखनाथ पौडयालका प्रतिनिधि कविता (२०४१), कविता सङ्ग्रह, *ऋतुविचार* (१९७३), *बुद्धिविनोद* (१९७३), *सत्यकली सम्वाद* (१९७६), *तरूण तपसी* (२०११) लगायत काव्यकृति प्रकाशित छन् । संस्कृत काव्यचिन्तनबाट प्रेरित र प्रभावित भई कविता सिर्जना गर्ने पौडयालका कवितामा अभिव्यञ्जित जीवनदृष्टि आध्यात्मिक चिन्तन र चेतनाका माध्यमबाट मानवीय मनमस्तिष्कलाई विरेचन र सामाजिक आचारको नियमन गर्ने विशेषताका छन् । पूर्वीय साङ्ख्य तथा वेदान्त दर्शनबाट प्रभावित लेखनाथका कवितामा मानवतावादी आध्यात्मिक चिन्तन, अलङ्कार तथा बिम्बको उचित संयोजन, प्रकृतिको मानवीकरण, मात्रिक र वर्णमात्रिक छन्दको प्रयोग, कला र भावको उचित प्रयोग, बौद्धिकता, सामाजिक विकृति विसङ्गतिप्रति व्यङ्ग्यात्मकता, वस्तुपरकता, दार्शनिकता, नैतिकताजस्ता मूलभूत प्रवृत्ति अन्तर्निहित छन् ।

प्रस्तुत कविताको रचनासन्दर्भगत अवस्थालाई नियाल्दा लेखनाथको काव्ययात्राको दोस्रो चरणअन्तर्गत कविता १९९१ सालमा प्रथमपटक प्रकाशित भई *लालित्य भाग १* (२०१०) मा सङ्गृहीत कृति हो । राणा शासनअन्तर्गत जुद्धशमशेरको शासनकाल, पुस्तकालय पर्वले लेखकमा सिर्जना गरेको त्रासदी, मानव बन्धकको उत्कर्ष अवधि, स्वतन्त्रताविहीन जीवन तथा अभिव्यक्तिमा राज्यको नियन्त्रण रहेको समयमा रचित यस कवितामा मृत्युजन्य सत्य र त्यसको चैतन्यलाई सत्यापित गर्नुपर्ने अवस्थाबोधको अभिव्यक्ति भएको छ । प्रस्तुत कवितामा कवि निपूणता जीवनको स्थायी सत्य कालजस्तो अदृश्य र अमूर्त विषयलाई कथ्यका रूपमा लिई त्यसमा काव्यात्मक भाव प्रसार गर्ने लोकपर्यवेक्षणको वास्तविक आभाष दिने यस कवितामा कालको शाश्वत सत्य र गतिशीलतालाई कुशलतापूर्वक कला तथा भावात्मक अभिव्यक्तिका माध्यमबाट मूर्त बोध अभिव्यञ्जित भएको छ । कालको शाश्वततालाई तत्त्वमीमांसाका रूपमा प्रस्तुत गर्ने यस कवितामा कालप्रतिको त्रसित धारणामा परिवर्तन ल्याउनु पर्ने भाव अभिव्यक्त भएको छ । कवितामा कालको महिमा गान गरी जीवनजगत्प्रतिको यथार्थता, देहको नश्वरता र पुनर्जन्मको सङ्केत भएको छ । कालको शाश्वत स्वरूपलाई कथ्यविषय र सन्देशका रूपमा प्रस्तुत गर्ने यो कविता संस्कृत काव्यचिन्तनअन्तर्गत स्रष्टा, सिर्जना र शब्दार्थसम्बन्धका आधारमा अध्ययनीय शोधक्षेत्र हो ।

संस्कृत काव्यचिन्तनमा स्रष्टा, सिर्जना र शब्दार्थसम्बन्धका आधारमा कृतिको विश्लेषण गर्ने स्थापित सिद्धान्त निर्माण भएको छ भने यसका आधारमा शोध गर्नसकिने आधार प्राप्त छ । संस्कृत काव्यचिन्तनमा स्रष्टा र सिर्जना सम्बन्धका रूपमा काव्यहेतु र काव्यप्रयोजन तथा शब्दार्थसम्बन्धका आधारमा शब्दशक्तिको सिद्धान्त स्थापित छ । काव्यहेतु सिर्जना स्रष्टाको प्रतिभा, व्युत्पत्ति र अभ्यास कुन आधारमा अभिव्यक्त भएको छ भन्ने पक्षका आधारमा कृतिको मूल्यनिरूपण का साथै स्रष्टा र सिर्जनाको सम्बन्ध खोजी गर्ने सिद्धान्त हो । कवि जीवनजगत्को बाह्यान्तरिक पक्षलाई सूक्ष्म पर्यवेक्षण गरी निरन्तरको साधनाबाट कलात्मकता प्रदान गर्ने माध्यम रहेकाले कलात्मक, रागात्मक र भावात्मक र चनाका लागि प्रतिभा, व्युत्पत्ति र अभ्यासको त्रिपक्षीय अन्वय कवितामा कसरी अभिव्यञ्जित भएको छ भन्ने पक्षको खोजी काव्यहेतुको सैद्धान्तिक मानक हो । काव्य वा साहित्य लेखिनुको कारण र त्यसको आधारसँग सम्बन्धित काव्यप्रयोजन कृतिचरनाबाट लोकजीवनका लागि प्राप्ति हुने विषय र लेखकीय लाभको अन्तर्सम्बन्धको विवेचना गर्ने काव्यचिन्तनको मानक हो । कृतिलाई वाच्य, लक्ष्य र व्यङ्ग्य तिनै आधारमा विषय र भावबोध गरी काव्यिक कलाको आस्वादन गर्ने आधार शब्लशक्तिको मूलभूत प्रस्थापन हो । प्रस्तुत ‘काल-महिमा’ कविता संस्कृत काव्यचिन्तनका सबै सिद्धान्त र तिनका प्रतिमानका आधारमा अध्ययनीय छ । यस लेखमा संस्कृत काव्यचिन्तनअन्तर्गत स्रष्टा र सिर्जनाबीचको अन्तर्सम्बन्धका आधारमा काव्यहेतु र काव्यप्रयोजन तथा शब्दार्थ सम्बन्धद्योतक शब्दशक्तिका आधारमा विश्लेषण र अर्थपन हुने यस लेखले यस विषयका आधारमा कृतिविश्लेषणसँग सम्बन्धित पाठक र अध्येताका लागि विषयगत आधार र संज्ञान प्रदान गर्ने भएकाले यसको प्राज्ञिक औचित्य पनि पुष्टि हुन्छ ।

प्रस्तुत लेखको मुख्यसमस्या ‘काल-महिमा’ कविताको स्रष्टा सिर्जना र शब्दार्थ सम्बन्धका आधारमा विश्लेषण गर्नु नै हो । संस्कृत काव्यचिन्तनका रससिद्धान्त, अलङ्कारवाद, रीतिवाद, गुण, वक्रोक्ति, औचित्यवाद, वक्रोक्तिवादजस्ता सिद्धान्तका साथै स्रष्टा र सिर्जना सम्बन्धद्योतक काव्यहेतु र काव्यप्रयोजनन तथा शब्दार्थसम्बन्ध शब्दशक्तिजस्ता सिद्धान्त र यिनका विभिन्न सूक्ष्म मानकका आधारमा कृतिविश्लेषण हुनेगर्दछ । यस लेखमा संस्कृत काव्यचिन्तनका स्रष्टा, सिर्जना र शब्दार्थसम्बन्धका आधारमा ‘काल-महिमा’ कविताको विश्लेषणका लागि निम्नलिखितअनुसारका शोध्यप्रश्न निर्माण भएका छन् ।

(क) काल-महिमा कवितामा काव्यहेतु केकस्तो छ ?

(ख) काल-महिमा कवितामा काव्यप्रयोजन कसरी प्रस्तुत भएको छ ?

(ग) काल-महिमा कवितामा शब्दशक्ति किन छ ?

प्रस्तुत लेख प्रथमतः स्रष्टा र सिर्जना र शब्दार्थसम्बन्धका आधारमा ‘काल-महिमा’ कविताको विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित छ । स्रष्टा र सिर्जना सम्बन्धका आधारमा कवितामा काव्यहेतु र काव्यप्रयो जनका आधारमा निरूपण हुने यस लेखमा शब्दार्थसम्बन्ध अन्तर्गत कवितामा वाच्यार्थ, लक्ष्यार्थ र व्यङ्ग्यार्थसमेतका आधारमा कविताको मूल्याङ्कन गर्ने उद्देश्य छ । प्रस्तुत लेखको विषयगत सीमाङ्कन ‘काल-महिमा’ कविता हो भने काव्यहेतु, काव्यप्रयोजन र शब्दशक्तिका अतिरिक्त संस्कृत काव्यचिन्तनका अन्य सिद्धान्त यस लेखका सैद्धान्तिक सीमाङ्कन हुन् ।

## अध्ययनविधि

प्रस्तुत लेखका लागि शोधक्षेत्र, सामग्री सङ्कलन, विश्लेषण र अर्थापनसँग सम्बन्धित शोधविधि निम्नलिखितअनुसार छन् ।

### सामग्री सङ्कलन र विश्लेषण विधि

प्रस्तुत लेखको विषयगत शोधक्षेत्र आधुनिक नेपाली कविताअन्तर्गत लेखनाथ पौडचालको 'काल-महिमा' कविता तथा सिद्धान्त र अवधारणात्मक शोधक्षेत्र संस्कृत काव्यचिन्तनअन्तर्गत काव्यहेतु, काव्यप्रयोजन र शब्दशक्ति हो । यस लेखमा प्राथमिक र द्वितीयक दुबै स्रोतका सामग्रीको उपयोग भएको छ । प्राथमिक स्रोतको सामग्रीका रूपमा कवि लेखनाथ पौडचालको 'काल-महिमा' कविता रहेको छ भने द्वितीयक स्रोतको सामग्रीका रूपमा यस कविताका बारेमा लेखिएका विभिन्न लेख, अनुसन्धानात्मक ग्रन्थ, समालोचना, पुस्तक तथा अध्ययनको लागि आवश्यक सिद्धान्तसँग सम्बन्धित अनुसन्धानात्मक लेख, ग्रन्थ रहेका छन् । यस लेखका सामग्री पुस्तकालयबाट सकङ्लन भएकाले यो पुस्तकालय कार्य हो ।

यस लेखमा सामग्री विश्लेषणका लागि पाठविश्लेषणमा आधारित गुणात्मक पद्धतिको उपयोग भएको छ । अध्ययनमा स्रष्टा, सिर्जना र शब्दार्थसँग सम्बन्धित संस्कृत काव्यचिन्तनले अघिसारेका आधारभूत प्रस्थापनहरू सैद्धान्तिक आधार रहने यस लेखलाई निष्कर्षमा पुऱ्याउन विश्लेषणात्मक विधिको प्रयोग भएको छ ।

### सैद्धान्तिक आधार

संस्कृत काव्यचिन्तन साहित्यको भावसौन्दर्य, कलासौन्दर्य तथा सिर्जनाका कारक, प्रयोजन र शब्दार्थ सम्बन्धका आधारमा कृतिको अध्ययन, मनन, विश्लेषण र मूल्याङ्कन गर्ने सुदीर्घ परम्परा स्थापित छ । यसका आधारमा कृतिमा अन्तर्निहित भावसौन्दर्यको विश्लेषण र मूल्याङ्कन रस, गुण, ध्वनि, वक्रोक्ति आदिका आधारमा गरिन्छ भने कलासौन्दर्यको विश्लेषण तथा मूल्याङ्कन अलङ्कार, रीति, छन्द आदिका आधारमा गरिन्छ । काव्यमा काव्यतत्त्वको संयोजनको उचित अनुचितको विश्लेषण तथा मूल्याङ्कन समय, संस्कार, स्थान, भाव आदिका आधारमा औचित्यले गर्दछ भने काव्यको रचना गर्ने स्रष्टाद्वारा रचित सिर्जनाका कारक, प्रयोजन तथा त्यस काव्यमा प्रयुक्त शब्दार्थ सम्बन्धलाई समन्वित र सम्बन्धित तुल्याउँदै विश्लेषण र मूल्याङ्कन गर्ने काम काव्यहेतु, काव्यप्रयोजन तथा शब्दशक्तिले गर्दछन् ।

संस्कृत काव्यचिन्तनमा काव्यहेतु काव्य/साहित्य सिर्जनाको कारक हो । पूर्वीय काव्यचिन्तनकै सापेक्षमा पाश्चात्य काव्य/साहित्य चिन्तनले पनि सृजना निर्मापक कारकको सैद्धान्तिक मापदण्ड निर्धारण गरेका छन् । साहित्य/काव्य हेतु भनेको मूलभूत रूपमा साहित्य सृजना गर्ने कारक नै हो जसले साहित्यकार, उसको मानसिकता, उसमा अवशिष्ट ज्ञान र उक्त ज्ञानको कलात्मक भाषिक सञ्चरणका लागि कसरी कलासौन्दर्य र भावसौन्दर्यको संयोजन गरेको छ भन्ने विषयमाथि प्रकाश

पार्ने साहित्यिक कृतिको मूल्यनिर्णय गर्ने प्रतिमान हो (अधिकारी र अधिकारी, २०८०, पृ. ८७)। त्यसैले यसलाई काव्यको कारक वा प्रेरक तत्त्व मानिन्छ। प्रतिभासम्पन्न कविले सूक्ष्म लोकपर्यवेक्षणबाट प्राप्त ज्ञानलाई कलात्मक सिञ्चन साधनाद्वारा सिर्जनालाई विशेष तुल्याउने अभिलक्षण काव्यहेतु हो (भामह, सन् २०१०, पृ. ३)। काव्यहेतु श्रष्टाका शास्त्र र काव्यका रूपमा अभिव्यक्त वाणीमा आधारित हुन्छ। शास्त्र प्रज्ञामा आधारित चिन्तनमूलक हुन्छ भने काव्य प्रतिभा आदि उत्पन्न गराउने भावमा आधारित हुन्छ। त्यसैले यो बाहिरी वस्तुगत उपकरण नभई कवि हृदयगत अन्तश्चेत र साधनागत अभ्यास तथा लोक, व्यवहार र शास्त्रीय निरीक्षण विशेषमा सम्बद्ध अनुभव हो (सुवेदी, २०५५, पृ.२३४)। यो स्रष्टाको मानसिकता, उसले आर्जन गरेको शास्त्रज्ञान र उक्त ज्ञानको भाषिक प्रस्तुतिका लागि गरिने कलासौन्दर्य र भावसौन्दर्यको संयोजन गरी काव्यको मूल्याङ्कन गर्ने प्रतिमान हो। काव्यशास्त्रमा काव्यहेतुको पारिभाषिक अर्थ काव्य निर्माणको साधन भन्ने स्पष्ट उल्लेख छ।

संस्कृत काव्यचिन्तनमा काव्यहेतुका बारेमा गम्भीर रूपमा चिन्तनमनन भएको छ। आचार्य भामहदेखि आरम्भ भएको यो परम्परा सत्रौं शताब्दीका आचार्य जगन्नाथसम्म अविछिन्न रूपमा प्रवाहित भए पनि सबै आचार्यहरूका मतमा एकता पाइँदैन। यी आचार्यहरूका बीचमा काव्यहेतु केके हुन् र तिनको सङ्ख्या कति छ भन्ने सन्दर्भमा मतैक्यता रहेको छ भने काव्यहेतुमध्ये कुनलाई बढी महत्त्व दिने भन्ने सन्दर्भमा मतभेद छ। काव्यहेतुका बारेमा अभिव्यक्त मतहरूलाई मूलतः दुई वर्गमा विभाजन गरिएको छ। एकथरी आचार्यहरूले प्रतिभालाई प्रमुख काव्यहेतु मानी व्युत्पत्ति र अभ्यासलाई प्रतिभाका संस्कारक तत्त्वका रूपमा उल्लेख गरेका छन्। यो अवधारणा व्यक्त गर्ने काव्यशास्त्रीहरूमा आनन्दवर्धन, राजशेखर, जगन्नाथ, हेमचन्द्र, वाग्वट, जयदेव, आदि पर्दछन् भने अर्काथरी आचार्यहरूले प्रतिभा, व्युत्पत्ति र अभ्यास तीनवटै हेतुलाई समान महत्त्व दिएका छन्। वामन, दण्डी, रूद्रट, वाग्भट, मम्मट आदिले प्रतिभा, व्युत्पत्ति र अभ्यास तीनवटैलाई समान महत्त्व दिएका छन्।

काव्यप्रयोजननले काव्यको लक्ष्य वा उद्देश्यलाई बोध गराउँछ। यसले स्रष्टाले किन र केको लागि काव्य सिर्जना गर्छ भन्ने कुरालाई स्पष्ट पार्दछ। संस्कृत काव्य परम्परामा काव्यप्रयोजननका सम्बन्धमा पनि मतैक्यता पाइँदैन तापनि आचार्य भरतमुनिदेखि विश्वनाथसम्मका आचार्यहरूले आआफ्नो समयमा आआफ्ना धारणा व्यक्त गरेका छन्। काव्यप्रयोजनको सार्विक विशेषता भन्नु नै धर्म, अर्थ, काम, मोक्ष, प्रीति र दण्डबाट रक्षा र आनन्दको प्राप्ति हो (भामह, सन् २०१०, पृ. ३)। काव्य निश्चित उद्देश्य प्राप्तिका लागि लेखिन्छ भन्ने मत नै काव्यप्रयोजनको अन्तर्वस्तु हो। संस्कृत काव्यशास्त्रीय परम्पराले यश, धन, लोकव्यवहार, शिवेतर वा अमङ्गलको क्षति (कल्याणकारी भाव) धर्म, अर्थ काम मोक्षरूपी चतुर्वर्गफल प्राप्ति मानसिक आह्लाद, आनन्द र कान्तासम्मित उपदेश (रम्यता र लोकेपयोगिताको समीकरण) कलाकौशल काव्य प्रयोजन हुन् (त्रिपाठी, २०५५, पृ. २१४)। काव्यप्रयोजन मूलभूत रूपमा मानवीय संवेदना र त्यसको लेखकीस सम्बन्धका आधारमा काव्य वा साहित्यको विवेचना गर्ने सिद्धान्त हो। सुखात्मक वा दुःखात्मक भावविधानद्वारा सहृदयको हृदय परिष्कृत र परिशोधित गरेर काव्यकर्ताको र पाठक वा दर्शकको हृदयको एकाकार वृतिद्वारा सुखात्मक अलौकिक आनन्दानुभूति

हुनु काव्यको मुख्य प्रयोजन हो (भट्टराई, २०७७, पृ. २४) । काव्यप्रयोजननलाई निरूपण गर्ने सन्दर्भमा अभिव्यक्त विचारहरूलाई तुलनात्मक रूपमा अध्ययन गर्दा सामन्वयवादी आचार्य मम्मटको विचार सर्वोपरि महत्त्वपूर्ण र सम्यक रहेको छ । काव्यप्रयोजन मूलतः यश वा कृति प्राप्ति, अर्थ प्राप्ति, व्यावहारिक ज्ञान, अनिष्ट निवारण, आनन्द प्राप्ति र मृदल उपदेश प्राप्ति हो (मम्मट, सन् १९८३, पृ. ३) । संस्कृत काव्यचिन्तनमा प्रतिपाद्य काव्यप्रयोजन स्रष्टा र सिर्जनाका आधारमा समाजलाई दिग्दर्शन, लोकहित र स्रष्टालाई अभिनव व्यक्तित्व दिने विशेषतालाई पुष्टि गर्ने सिद्धान्त रहेको संज्ञान प्राप्त गर्नसकिन्छ ।

साहित्यमा शब्दशक्ति प्राविधिक शब्दका रूपमा प्रचलित छ । शब्दमा निहित अर्थ र त्यसको सम्बन्ध नै  शब्दशक्ति हो । यो सम्पूर्ण वाङ्मयमा प्रयोगमा आउने शब्द हो । यसलाई वृति, व्यापार र शक्ति पनि भनिन्छ । काव्यमा कुनै पनि शब्दले प्रकट गर्ने एकभन्दा बढी अर्थ पत्ता लगाई शब्द र अर्थका बिच अन्तर्निहित सम्बन्ध खुट्याउने व्यापार शब्दशक्ति हो । (श्रेष्ठ, २०६२, पृ. २७) । यसको संस्कृत काव्यचिन्तनमा साहित्य, व्याकरण, मीमांसा, न्याय, योगशास्त्रलगायतका सिद्धान्तलाई प्रभावित तुल्याएको सुदीर्घ परम्परा छ । शब्दको अर्थ सम्पादन गर्ने सामर्थ्यका रूपमा अर्थ्याइएको शब्दशक्तिको गति, व्यापकता र स्तरलाई संस्कृत काव्यचिन्तनमा आचार्यहरू बिच व्यापक विचार विमर्श भए पनि शब्दका अभिधा, व्यञ्जना र लक्षणा शक्तिलाई मतैक्यताका साथ स्वीकारेका छन् ।

शब्दको प्रत्यक्ष्य, लोकप्रचलित वा कोशीय अर्थको बोध गराउने शब्दशक्ति अभिधा शब्दशक्ति हो । शब्दमा निहित वाच्यार्थ, लक्ष्यार्थ र व्याङ्ग्यार्थबोधक सामर्थ्यबाट नै अर्थको प्रतीति हुने भएकाले यिनै तीन किसिमका अर्थबोधका आधारमा प्राचीन तथा अर्वाचीन आचार्यहरूले शब्दशक्ति वर्गीकरण र तिनका विशेषतालाई सैद्धान्तीकरण गरेका छन् (पोखरेल, २०५९, पृ.८८) । अभिधा शब्दशक्तिले बोध गराउने मुख्यार्थसँग सम्बन्धित अन्यार्थ बोध गराउने शब्दशक्ति लक्षणा हो भने मुख्यार्थ र लक्ष्यार्थले बोध गराउन नसकेको नयाँ स्वशासित अर्थ प्रतीति गराउने व्यञ्जना शब्दशक्ति हो । यसरी साहित्यमा शब्दको प्रयोग कुनै अवस्थामा सामान्य वा लोकप्रचलित अर्थबोधका लागि गरिन्छ भने कतिपय अवस्थामा मुख्यार्थसँग सम्बन्धित भई त्योभन्दा फरक अर्थबोध गराउन गरिन्छ र कहिले मुख्यार्थसँग सम्बन्ध नरहने प्रतीयमान अर्थको बोधको लागि गरिन्छ । यसप्रकार स्रष्टा र सिर्जनासम्बन्धलाई निरूपण गर्ने काव्यहेतु र काव्यप्रयोजन तथा शब्दमा निहित विशिष्ट अर्थका आधारमा निरूपण हुने शब्दशक्तिका आधारमा ‘काल-महिमा’ कविता विश्लेषणीय रहेको विषयमा तलका सन्दर्भमा प्रस्तुत भएका छन् ।

## विश्लेषण र नतिजा

प्रस्तुत ‘काल-महिमा’ कविता १९९१ सालमा प्रथम पटक प्रकाशित भई लालित्य भाग १ (२०१०) कविता सङ्ग्रहमा सङ्गृहीत छ । यो कविता पाठ्यक्रम परिपूर्तिका प्रयोजनको लागि निर्माण भएका त्रि.वि का पाठ्यपुस्तकमा पटकपटक प्रकाशित छ । कवितामा अदृश्य तथा अमूर्त मृत्युको शाश्वत सत्य क्रियाकलापलाई तत्त्व मीमांसाका रूपमा प्रस्तुत गरिएको छ । साख्य तथा वेदान्त

दर्शनबाट प्रभावित कवि लेखनाथको दीर्घ साधना र आध्यात्मिक चिन्तनको प्राप्तिका रूपमा रहेको यस कवितामा कालको मानवीकरण गरिएको छ । समय र मृत्युलाई एकसाथ सङ्केत गरिएको यस कवितामा सम्पूर्ण प्राणीलाई सापेक्ष सत्यबाट पलायन हुँदै मानसिक रूपमा शाश्वत सत्यतर्फ मार्गनिर्देश गरिएको छ । जन्म र मृत्यु जीवनका दुई पाटा हुनाले यो जगत्मा जन्म लिएका प्राणी मृत्युदेखि निर्भिक हुनुपर्ने विषयलाई शार्दूलविक्रीडित छन्दका चार श्लोकमा कलात्मक शैलीमा काव्यमा उतारेका छन् । यस कवितामा अभिव्यक्त स्रष्टा, सिर्जना र शब्दार्थसम्बन्धलाई यसरी प्रस्तुत गरिएको छ ।

**कालमहिमा कवितामा काव्यहेतु**

काव्यसिर्जनाका कारक तत्त्व हेतु हुन् । संस्कृत काव्यचिन्तनमा विमर्श गरिएका तीन प्रकारमा हेतुलाई  यस कविताका सन्दर्भमा यसरी विमर्श गरिएको छ ।

**प्रतिभा**

पूर्वीय काव्य परम्परामा प्रतिभालाई सबै आचार्यहरूले प्रमुख हेतुका रूपमा स्वीकार गरेका छन् । आचार्य भामहले यसलाई बोध गराउन स्फोट र शक्ति शब्दको प्रयोग गरेका छन् । काव्यहेतुमा प्रतिभा सिर्जनाका लागि प्रगम चेतना हो (भामह, सन् २०१०, पृ. ३) । प्रतिभाका सम्बन्धमा आचार्य भट्टतौत प्रतिभा भनेको नयाँ नयाँ कुराको स्फूरण गराइरहने प्रज्ञा तथा आचार्य रूद्रट एकाग्र चित्तमा अनेक प्रकारका भाव उत्पन्न गराउने शक्तिका रूपमा परिभाषित गर्दछन् (थापा, २०७३, पृ. ८) । आचार्य वामन काव्यहेतुलाई काव्याङ्गका रूपमा चर्चा गरी प्रतिभालाई कवित्वको कारण तथा आचार्य दण्डी, वामन र अभिनव गुप्तले प्रतिभालाई अलौकिक तत्त्वको रूपमा चर्चा गर्ने यी आचार्यको मतमा प्रतिभा जन्मजन्मान्तरको संस्कार विशेषका रूपमा परिभाषित गर्दछन् (सुवेदी, २०५५, पृ. २३५) । प्रतिभाका सम्बन्धमा वक्रोक्तिवादी आचार्य कुन्तक अनौठो काव्य शक्तिका रूपमा यस विषयलाई प्रस्तुत गर्दछन् । कवितमा रहेका प्रातिभ प्रतिभा वा प्रकृति निर्मित विशिष्ट क्षमता प्रतिभा नै हो जसले सिर्जनाका माध्यमबाट स्रष्टालाई महान् बनाउँछ (मम्मट, सन् १९८३, पृ. ११) । प्रतिभा कवित्वको बीजभूत संस्कार विशेषका रूपमा प्राकृत शक्ति हो । आचार्य जगन्नाथले काव्यहेतुको मूल कारण कविमा रहने प्रतिभा हो र त्यो प्रतिभा कतै कुनै देवता, महापुरूष आदिको प्रसादले उत्पन्न अदृश्य हुन्छ भने कतै विलक्षण, व्युत्पत्ति र काव्य रचनाभ्यास नै हुनसक्छ (सुवेदी, २०५५, पृ. २३७ ) । यसरी प्रतिभा भनेको विशिष्ट प्रज्ञा वा संस्कार हो । यो काव्य रचनामा बीज बनेर रहेको हुन्छ  । प्रतिभा जन्मजात संस्कारका रूपमा पनि आउन सक्छ र आनुवंशिक रूपमा पनि रहन सक्छ भने निरन्तर रूपमा गरिने अभ्यासबाट पनि उत्पन्न हुन सक्छ । मूलतः काव्यहेतु मानव मानसिकतामा अवशिष्ट प्राकृत द्वन्द्वात्मक विचारको स्फूरण वा कल्पना तत्त्वलाई समन्वय गरी सम्यक र सन्तुलित रूपमा संयोजन गरी अभिव्यञ्जना गर्नसक्ने स्रष्टाको वस्तुजगत विषयक बृहत् अध्ययन, लोकपर्यवेक्षण र साहित्याध्ययनबाट प्राप्त ज्ञानलाई अभ्यासको निरन्तर शृङ्खलासँग जोडिने स्फूरण, ज्ञान र साधनाको त्रिपक्षीय अन्वय हो (अधिकारी र अधिकारी, २०८०, पृ. ८८) । यो काव्यको प्रमुख हेतु हो । प्रतिभारूपी बीजबिना शास्त्रज्ञान र अभ्यासले मात्र सफल काव्य रचना गर्न सकिँदैन ।

प्रस्तुत ‘काल-महिमा’ कविता मृत्युको शाश्वत चिन्तनसँग कविप्रतिभाको संयोजन गरी संरचित छ। शार्दूलविक्रीडित छन्दका चार श्लोक र सोह्र पङ्क्तिपुञ्जमा संरचित यस कवितामा मृत्युजस्तो सबै प्राणीको जन्मसँगैको भौतिक शरीरको नाशवान प्रक्रियामा देखिने र भोगिने त्रासद अवस्थालाई आध्यात्मिक चिन्तनका आधारमा त्यसको महिमा गायन गर्नुले कविमा अन्तर्निहित नैसर्गिक प्रतिभा र कलात्मक चिन्तनलाई एकसाथ पुष्टि गरेको छ। यस आधारमा कविमा सहजा र आहार्या प्रतिभा अन्तर्निहित रहेको देखिन्छ। प्राणी जगत्मा अमूर्त तथा अदृश्य अवस्थामा रहेको मृत्यु (काल) लाई कविको कल्पनाले मानवीकरण र मूर्तीकरण गर्नु पनि कारयित्री प्रतिभाको प्रतिफल हो। सृष्टिको आरम्भसँगै निरन्तर रूपमा सार्वभौम, सर्वव्यापक र निर्भिक बनी गतिशील बनेको काल (मृत्यु) को शाश्वतता र देहको नश्वरतालाई पूर्वीय साङ्ख्य र वेदान्त दर्शनका आधारमा शान्त रसलाई रसोत्कर्षमा पुर्याउनु कविमा अन्तर्निहित उत्पाद्य प्रतिभा शसक्त र सबल हुनुको प्रतिफल हो। प्राणीजगत्को कालप्रतिको दृष्टिकोण, कालका नियमित र निरपेक्ष क्रियाकलाप, जीवन र जगत्प्रतिको कालको प्रभुत्वलाई काव्यात्मक रूपमा वर्णन र विस्तार गर्नु कविका नैसर्गिक प्रतिभाको उपज हो। त्यसैले यस कविताको बीज कविको अन्तश्चेतनामा रहेको मृत्युसम्बन्धी ज्ञान हो। कविको प्रतिभा यस कविताका पङ्क्तिपङ्क्तिमा अन्तर्निहित भएर आएको छ। जसलाई यसरी प्रस्तुत गरिएको छ :

राजा रङ्क सबै समान उसका वैषम्य गर्दैन त्यो।
आयो, टप्प टिप्यो, लग्यो मिति पुग्यो ,टारेर टर्दैन त्यो ॥
लाखौ औषधि अस्त्रशस्त्रमहिमा देखेर डर्दैन त्यो।
व्याधातुल्य लुकेर चल्दछ सदा मारेर मर्दैन त्यो।

(पौडचाल, २०३१, पृ. ३१)

कविताको प्रस्तुत सन्दर्भमा कालको निरपेक्ष, निर्भिक, अदृश्य, निरन्तर, सदाबहार शक्तिसम्पन्न भई गतिशील हुने प्रवृत्तिलाई काव्यात्मक रूपमा व्यक्त भएको छ। काव्यांशमा कविमा अन्तर्निहित नैसर्गिक प्रतिभाका कारण कालको अविभेदकारी आचरणलाई विषयवस्तुका रूपमा प्रस्तुत भएको हो। अमूर्त मृत्युका बारेमा दिइएको सूचना कविको प्रतिभाबाट निश्रृत भएको हो र यही प्रतिभा निश्रृत काव्यको बीऊबाट कविताको पूर्ण संरचना भएको छ। प्रस्तुत कविताका सन्दर्भमा समालोचक बासुदेव त्रिपाठीद्वारा काव्यहेतुका सम्बन्धमा प्रस्तुत अवधारणाकै तुलनीय यस कवितामा कविका मृत्युसम्बन्धी अवधारणाको बीऊमा कविको शास्त्रज्ञान र निरन्तर भएको साधनाले यसमा भावसौन्दर्य र कलासौन्दर्य उच्चतम बिन्दुमा पुगी आग्रह न्यूनतम अवस्थामा रहेको छ। यो कविता कविको कारयित्री काव्यप्रतिभाको उपज हो। मृत्यु र समयलाई एकसाथ सङ्केत गर्दै कालको महिमा गान भएको यस कविताको स्वरूप यही कालको निर्भिक, निरन्तर, निरपेक्ष, अदृश्य गतिशील हुने प्रवृत्तिमा केन्द्रित रहेको छ। प्राणी जातिलाई सधै तर्साउने काललाई मानवीकरण गरी यसको सार्वभौमिकता, सर्वव्यापकता, शाश्वतता, निर्भिकता, अमरता कारयित्री प्रतिभाको बीऊ अनुभूतिमा अन्तर्घुलन भएपछि कविताले विवरणात्मक रूप प्राप्त गरेको छ। मृत्युजस्तो शाश्वत, सार्वभौम र सार्वकालिक विषयले

कविताको रूप ग्रहण गर्नु कविमा अन्तर्निहित प्रतिभाको उपज हो । प्रस्तुत कवितामा कालसम्बन्धी सर्वकालीक र सार्वभौम मान्यताको उपर्युक्त भावाभिव्यक्ति प्रस्तुत हुनुको कारक स्रष्टामा अवशिष्ट प्रतिभाका कारण सम्भव भएको प्रष्ट छ ।

**व्युत्पत्ति**

संस्कृत काव्यशास्त्रमा व्युत्पत्तिलाई दोस्रो काव्यहेतुका रूपमा स्वीकार भएको छ । कतिपय आचार्यहरूले व्युत्पत्तिको लागि निपुणता शब्दको प्रयोग गरेका छन् । शास्त्रज्ञान, विद्या, लोकव्यवहार, अनुभव आदिबाट स्रष्टाको योग्यता र दक्षता अभिवृद्धि हुन्छ । यही ज्ञानलाई व्युत्पत्ति भनिन्छ । स्रष्टालाई यस व्यापक संसारको जति बढी ज्ञान हुन्छ त्यसलाई त्यति नै व्युत्पन्न कवि भनिन्छ । काव्य सिर्जजनमा ज्ञान र अनुभवको संयोजन व्युत्पत्ति हो (मम्मट, सन् १९८३, पृ. ११) । आचार्य भामहले प्रतिभाका साथै स्रष्टालाई छन्द, कोश, व्याकरण, लोकव्यवहार, तर्कशास्त्र, कला आदिको पनि ज्ञान हुनुपर्ने कुरा उल्लेख गरेका छन् । संस्कृत काव्य परम्परामा समन्वयबादी आचार्यका रूपमा परिचित मम्मटले लोकव्यवहार, शास्त्रज्ञान, काव्यादिको पर्यालोचनबाट उत्पन्न खुबीलाई व्युत्पत्ति भनेका छन् (सुवेदी, २०५५, पृ.२२६) । यसरी विभिन्न किसिमका शास्त्र तथा साहित्यिक रचनाहरूको अध्ययन अवलोकनबाट प्राप्त ज्ञान, लोकव्यवहारबाट प्राप्त निपुणता र ज्ञान कुशलता नै व्युत्पत्ति हो । स्रष्टामा अन्तर्निहित व्यत्पत्तिगत ज्ञानबाट नै स्रष्टाको सिर्जनामा काव्यसौन्दर्य सम्भव हुन्छ , काव्य प्रौढ, मौलिक र उत्तम बन्न सक्छ । काव्यलाई पददोष, रसदोष, वाक्यदोष जस्ता दोषबाट मुक्ति दिलाउन पनि व्युत्पत्तिगत ज्ञान आवश्यक पर्दछ ।

प्रस्तुत 'काल-महिमा' कवितामा परिष्कारवादी कविको अन्तस्करणबाट निसृतः कालरूपी बीजलाई कविको करिब तीस वर्षको काव्यसाधनाले आवश्यक मलजल गरेको छ । कविले लोकपर्यवेक्षण गरी उमारेको काव्य बीजलाई उनले आर्जन गरेको शास्त्रज्ञान, अध्ययन, अवलोकनबाट प्राप्त अनुभूति, अनुभवले उनलाई काव्यशिल्पी बनाउनुका साथै कविता परिष्कृत र परिमार्जित बनेको छ । कवितामा अन्तर्निहित  भावसौन्दर्यमा कविले आर्जन गरेको ज्ञानका कारण कलासौन्दर्य थपिएको छ । यही भाव र कलाको उचित संयोजनले शान्त रस परिपाकको अवस्थामा पुगेको छ ,कविताले अभिधेयार्थका साथै लक्ष्यार्थ र व्यङ्ग्यार्थ जस्ता प्रतीयमान अनेकार्थ बोध गराएको छ । यस कवितामा शार्दूलविक्रीडित छन्दको प्रयोग, शान्तरस परिपाकको अवस्था, सापेक्ष सत्यबाट पलायन हुँदै निरपेक्ष शाश्वत सत्यानुभूतिको प्रस्तुति शास्त्रज्ञानका उपज बनेर आएका छन् । कवितामा कालसम्बन्धी चिन्तन कविको प्रतिभाका उपज हो भने त्यसको महिमा गान शास्त्रज्ञानको परावर्तन कविताका निम्नलिखित पङ्क्तिमा प्रस्तुत भएको छ :

जे जे मिल्छ.सुलुक्क निल्छ, मुखमा  हाली चपाउन्न त्यो ।
थाल्यो च्वाम्म सबै चपाउन भने आहार पाउन्न त्यो ॥
जत्ती निल्छ उती उकेल्दछ पनी,केही पचाउन्न त्यो ।
यै चालासित कल्प कल्प कहिल्यै खाई अघाउन्न त्यो ।

(पौडचाल, २०३१, पृ. ३१)

यस कवितांशले कालको विशिष्ट प्रवृत्तिलाई सङ्केत गरेको छ । कविले आर्जन गरेको वेदान्त दर्शनको प्रभाव उपर्युक्त काव्यांशमा परेको छ । यहाँ कसैसँग नडराउने कालले जति निल्छ उति उकेल्छ भन्दै मानवको पुनर्जन्मलाई सङ्केत भएको छ । सम्पूर्ण जीवात्मालाई अधीनमा राख्ने कालले मिलेको सबै नचपाइकन खाने र चपाउन थाल्दा आहारा नपाउने कुराले जन्मसँगैको मृत्यु र मृत्युसँगैको पुनर्जन्मलाई सङ्केत गरेको छ । पूर्वीय अध्यात्म, साङ्ख्य र वेदान्त दर्शनका अध्येता कवि लेखनाथको शास्त्रज्ञानका कारण कविता कलात्मक बनेको छ र मृत्युमा भौतिक शरीर नाश भए पनि आत्मा अमर रहने पूर्वीय आध्यात्मिक चिन्तन प्रतिबिम्बित भएको छ । शास्त्रीय नियमानुसार कविता सिर्जना गर्ने स्रष्टाले  वैदर्भी, पाञ्चाली आदि रीति, माधुर्य, प्रसाद आदि गुण  तथा अनुप्रास, रूपक, उपमादि अलङ्कारको प्रयोग गर्नु पनि शास्त्रज्ञानको उपज हो (अधिकारी र अधिकारी, २०८०, पृ. ८७) । कवितामा भएको शब्द चयन र कलात्मक शैलीशिल्पको प्रयोगले कविको व्युत्पत्तिगत ज्ञानलाई पुष्टि गरेको छ । यसकै कारण कवितामा आध्यात्मिक दर्शनका माध्यमबाट जीवनमा आइपर्ने दुःख, कष्ट, असहज परिस्थितिलाई पार गर्दै मृत्युलाई वरण गर्नु भनेको पुनर्जन्मकै प्रतीक्षामा रही सत्यलाई स्वीकार्नु पर्ने सत्याभास भएको छ । यस कवितांशले शान्त रसमा अन्तर्निहित  वैराग्य भावलाई  परिपाकको अवस्थामा पुऱ्याएको छ ।

**अभ्यास**

प्रतिभा र व्युत्पत्तिगत ज्ञानलाई परिपूर्ण र प्रौढ बनाउने काव्यहेतु अभ्यास हो । आचार्य भामह काव्य रचनामा प्रतिभाको साथै निरन्तर अभ्यासलाई पनि विशेष महत्त्व दिने पक्षमा छन् । उनले शब्दार्थ स्वरूपको ज्ञानलाई राम्ररी राखेर सतत अभ्यास गर्नुपर्छ भन्दछन् । आचार्य दण्डीले पनि अभ्यास नै साधनाको महत्त्वपूर्ण कडी हो भन्दै प्रतिभा र व्युत्पत्तिको अभावमा पनि सतत अभ्यासशील बने काव्योत्पत्ति सम्भव छ (सुवेदी, २०५५, पृ. २३५) भन्दछन् । निरन्तर लेखनको अभ्यासले काव्यलाई मौलिक, परपक्व र स्तरीय बनाउँछ । निरन्तर रूपमा गरिने प्रयासबाट नै प्रतिभा र व्युत्पत्तिगत ज्ञान परिष्कृत र परिमार्जित हुन्छ । कृति रचनाका लागि गरिने योजना, विमर्श, साधना र चिन्तन अभ्यास हुन् (मम्मट, सन् १९८३, पृ. ११) । काव्यज्ञबाट विधिवत शिक्षा लिएर निरन्तर काव्य निर्माणको आवृत्ति गर्ने वा त्यसमा निरन्तर प्रवृत हुनु नै अभ्यास हो । पूर्वीय काव्यशास्त्रमा प्रतिभा प्रमुख काव्यहेतुका रूपमा रहेको छ भने त्यसलाई उजिल्याउने काव्यहेतु व्युत्पत्ति र अभ्यास हुन् । त्यसैले साहित्य सिर्जनाका सन्दर्भमा व्युत्पत्ति र अभ्यासको पनि आफ्नै महत्त्व रहेको छ । आचार्य वाग्भटले भने झैँ प्रतिभा काव्य रचनाको कारक, व्युत्पत्ति त्यसको भूषण र अभ्यास काव्य रचना गर्ने प्रयास हो । प्रतिभाको बीजमाला निपुणताको माटोमा, अभ्यासको पानीका साथ कविता लतामा परिणत हुन्छ भन्ने निष्कर्ष काव्यहेतुबाट प्रकट हुन्छ । (त्रिपाठी, २०५२, पृ.३८) भनेका छन् । काव्य रचनाका सन्दर्भमा प्रतिभा बीऊ वा बीज नै हो भने त्यो प्रतिभारूपी बीऊलाई शास्त्रज्ञानरूपी निपुणताको माटोमा रोपेर अभ्यासको पानीमा अन्तरघुलन गरी काव्यरूपी लता उमार्न सकिन्छ । अतः शक्ति, निपुणता र अभ्यासबाट प्राप्त समष्टिगत कवि योग्यता नै काव्यहेतु हो ।

प्रस्तुत 'काल-महिमा' कविता भावसौन्दर्य, कलासौन्दर्य र स्तरीयता कवित्व कविका निरन्तर अभ्यासको प्रतिफल हो । कविको कल्पनामा उम्रिएको यस कविताको बीऊलाई शास्त्रज्ञान, अनुभव र अनुभूतिका कारण काव्यकला ओजिलो बनेको छ भने निरन्तर रूपमा भएको प्रयत्नले उच्च सौन्दर्यानुभूति भएको छ र आग्रह न्यून रहेको छ । शास्त्रीयतावादी कविको शास्त्रको अनुसरण काव्यमा यसरी भएको छ :

जे जे मिल्छ सुलुक्क निल्छ, मुखमा हाली चपाउन्न त्यो ।
थाल्यो च्वाम्म सबै चपाउन भने आहार पाउन्न त्यो ॥
जत्ती निल्छ उती उकेल्दछ पनी,केही पचाउन्न त्यो ।
यै चालासित कल्प कल्प कहिल्यै खाई अघाउन्न त्यो ।

(पौडचाल, २०३१, पृ. ३१)

आधुनिक नेपाली कवितामा परिष्कारवादी धाराको प्रवर्तन गर्ने कविशिरोमणि लेखनाथको काव्ययात्राको दोस्रो चरणमा लेखिएको यो कविता कविको लगभग तीस वर्षको काव्यसाधना गरेपछि लेखिएको कविता हो । कविको निरन्तर प्रयासका कारण कवितामा छन्द, रस, गुण, अलङ्कार, रीति, वक्रोक्ति जस्ता काव्य तत्त्वको उचित संयोजन भएको छ । यसका साथै कविमा अन्तर्निहित प्रतिभा र शास्त्र ज्ञानसहित भएको निरन्तर प्रयासले कविता परिष्कृत तथा परिमार्जित भएको छ । फलस्वरूप कला सौन्दर्य र भाव सौन्दर्यको उचित संयोजन भएको छ । उपर्युक्त काव्यांशमा प्रयुक्त उचित पद, पदावली, अन्त्यानुप्रास, प्रसाद गुण, पाञ्चाली रीतिलगायत शास्त्रीय छन्दको प्रयोग कविका निरन्तर अभ्यासका प्रतिफल हुन् ।

**काव्यप्रयोजन**

संस्कृत काव्यचिन्तनमा काव्यप्रयोजनका सम्बन्धमा भरतमुनिदेखि विश्वनाथसम्मका आचार्यहरूले सूत्रबद्ध रूपमा आआफ्ना धारणा व्यक्त भएका छन् । धर्म, अर्थ, काम, माक्षजस्ता चतुर्वर्ग फलप्राप्तिका साथै प्रीति, कीर्ति र धन्यवाद मुख्य काव्इ प्रयोजन हुन् (भामह, सन् २०१०, पृ. ३) । काव्यप्रयोजनका सम्बन्धमा विभिन्न मतमतान्तर स्थापित भए पनि आचार्य मम्मटको मत सबैभन्दा उपयुक्त, सम्यक र सबैका धारणालाई समेटेको छ । आचार्य मम्मटले आफ्नो ग्रन्थ काव्यप्रकाशमा काव्यको प्रयोजनलाई सम्बन्धी अवधारणालाई यसप्रकार प्रस्तुत गरेका छन् - काव्यको प्रयोजन भन्नु नै यशबृद्धि, व्यवहार मर्मज्ञता, शिवेतरक्षति, सद्यपरिनिर्वृत्त र कान्तासम्मित उपदेश नै हो (मम्मट, सन् १९८३, पृ. ३) । स्रष्टा तथा सहृदयी सबैलाई मध्यनजर गरी उल्लेख भएको मम्मटको यही काव्यप्रयोजनका आधारमा 'काल-महिमा' कविताको काव्यप्रयोजन तलका उपशीर्षकमा सविस्तार निम्नालिखितअनुसार विश्लेषण भएको छ ।

**कीर्तिको प्रयोजन**

कविले काव्य रचना गरी प्रतिष्ठा वा कीर्तिलाभ गर्दछ । त्यसैले यो लेखकसँग सम्बन्धित हुन्छ । कविशिरोमणि लेखनाथ पौडेलले आफ्नो काव्य यात्राको द्वितीय चरण (१९९१) मा लेखेको यस कवितामा अध्यात्मवादी दर्शनका माध्यमबाट काल महान्, शक्तिशाली, अर्मूत र सर्वव्यापक छ भन्ने चिन्तनलाई विस्तार गरेका छन् । मृत्युको शाश्वत सत्यलाई स्वीकार्दै कालको महिमा गान भएको यो कविताले आम भावकहरूका मन मस्तिष्कमा अमिट छाप पारेको छ । यस कविताले कवि पौडेललाई लोकसमाजमा प्रतिष्ठा दिलाएको छ । वि. सं १९९१ मा रचित यो कविता प्रत्येक नेपालीका जनजिब्रामा संरक्षित भएर रहनु र विश्वविद्यालयजस्तो उच्च तहको पाठ्यक्रममा समावेश गरी पठनपाठन गराइनुले पनि कविको कीर्ति अभिबृद्धि भइ प्रतिष्ठा बढेको छ । कविले संसार छाडेको छ दशक पुग्न थाले पनि उनको यस रचनाले उनलाई अमर बनाएको छ । हरेक प्राणीको जन्मसँग जोडिएर आउने शाश्वत सत्यका रूपमा रहेको काल (मृत्युलाई) लाई कविकौशलताका कारण युगान्तकारी रचना सिर्जना भएकाले यस रचनाले नेपाली साहित्याकाशमा कविव्यक्तित्वलाई उच्च तुल्याएको छ ।

राजा रङ्क सबै समान उसका वैषम्य गर्दैन त्यो ।
आयो, टप्प टिप्यो, लग्यो मिति पुग्यो ,टारेर टर्दैन त्यो ॥
लाखौ औषधि अस्त्रशस्त्रमहिमा देखेर डर्दैन त्यो ।
व्याधातुल्य लुकेर चल्दछ सदा मारेर मर्दैन त्यो । (पौडेल, २०३१, पृ. ३१)

जन्मसँगै मृत्युलाई आत्मसात् गरी जीवनयापन गर्ने हरेक मानवमा धेरै बाँच्ने चाहना भए पनि यो चाहना उसको अधीनमा हुँदैन । यस कविताका हरेक पङ्क्तिले पाठकको मनमस्तिष्कलाई पगाल्न सक्छन् । मृत्युको शाश्वत सत्य, कालको निरपेक्ष व्यवहार र निरन्तर गतिशीलता उल्लेख भएको यस कवितांशले कविको प्रतिष्ठा बढाएको छ । उनले कवितामा सृष्टिको निरन्तरतालाई कायम गर्दै अध्यात्मवादको माध्यमबाट मुक्तिको मार्ग पहिल्याएका छन् । शाश्वत सत्यको सन्देशवाहक बनेको यस कविताको रचना गरी कविले प्रसिद्धि प्राप्त गरेका छन् । कसैलाई विभेद नगरी निर्भिक र निडर बन्दै व्याधातुल्य लुकेर गतिशील हुने कालको महिमा गान भएको  कविताको भाव पनि शाश्वत सत्यलाई उजागर गरेको छ । हिजो, आज र भोलिका दिनमा पनि कालको अवस्था यही निरन्तरतामा आधारित हुने हुनाले यस कविताले कविको यश अभिवृद्धि भएको छ । कवितामा अभिव्यञ्जित तत्त्वज्ञानले आध्यात्मिक दर्शन र चिन्तनलाई परिपाकमा पुऱ्याएको छ । कालले कसैलाई छाड्दैन र विभेद पनि गर्दैन । यसले राजारैती, उचोनिचो, बच्चाबूढा केही भन्दैन, उधिनेर, रोजेर, छानेर खाने पनि होइन । यसको कसैसँग दुश्मनी छैन र पनि मूर्त र दृश्य रूपमा कतै देखिदैन । अरूदेखि नडराउने  सचेत प्राणी मानव पनि कालको स्मरणमा डराउँछन् । सिकारीजस्तै लुकेर हिँड्ने काल पद, पैसा, औषधी केहीसँग

डराउँदैन । यसले संसारको जुनसुकै स्थानमा हिजो, आज र भोलि पनि समान व्यवहार देखाउने हुनाले यो सार्वभौम जीवन दर्शनका माध्यमबाट सबैलाई सचेत बनाएका छन् । यस्तो शास्वत सत्य विषयलाई तत्त्वमीमांसाका रूपमा प्रस्तुत गरिएकाले यस कविताले उनमा अन्तर्निहित चेतना र चिन्तनको बिस्तारका कारण प्रतिष्ठा बढेको छ । प्राणीजगत्मा विस्तारित कालको शाश्वत र निरन्तर गतिशील हुने निर्भिक प्रवृत्तिलाई वर्णमात्रिक छन्दमा भावानुकूलको कलाको संयोजन गरी लेखिएको यस कविताका माध्यमबाट कविको पहिचान स्थापित भएको छ । उनी नरहे पनि उनका रचनाले उनलाई जीवित तुल्याउनु भनेको उनको कीर्ति बढ्नु हो ।

**धनलाभको प्रयोजन**

यो प्रयोजन पनि श्रष्टासँग सम्बन्धित छ । कविले आफ्नो रचनाका माध्यमबाट अर्थलाभ गरी जीविकोपार्जन गर्नसक्छन् । लेखनाथको यो कविता आयामका दृष्टिले फुटकर भए पनि यस कवितामा अभिव्यक्त दार्शनिक चिन्तनका कारण सङ्गृहीत लालित्य भाग १ कवितासङ्ग्रह नै बढी बिक्री वितरण भएको छ । यस कविताको रचना भएको नौ दशकसम्म पनि परिवारका सदस्यहरूले आर्थिक लाभ प्राप्त गरिरहेका छन् । कविले यस कवितामा सामान्य तर शाश्वत र सार्वभौम विषयलाई कविकौशलतामा यसरी सजाएका छन् :

भाका भूल दया, क्षमा र ममता  सन्तोष जान्दैन त्यो ।
इन्द्रै बिन्ति गरून् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो ॥
थुप्रोमा उधिनी मिठो र नमिठो छुट्याइ छान्दैन त्यो ।
खाता जाँचि सबै दुरूस्त नबुझी बिर्सेर हान्दैन त्यो ॥ (ऐजन, पृ. ३१)

कविताका यी पङ्क्तिमा वर्तमान जीवनजगत्को प्रतिबिम्ब मात्र अभिव्यक्त नभई सम्पूर्ण मानव सभ्यता र संस्कृतिको प्रतिबिम्ब उतारिएको छ । कविताका यी पङ्क्तिबाट लेखक र पाठक दुबैले व्यावहारिक ज्ञान प्राप्त गरेका छन् । साहित्यानुरागी, अन्वेषक र विश्लेषकले यसलाई विभिन्न कोणबाट अध्ययन गरी व्याख्या विश्लेषण गरेका छन् ,जुन जीवन भोगाइका क्रममा आउने अर्मूत चिन्तन पक्षसँग सम्बन्धित छ । यहाँ कालले निष्पक्ष व्यवहार गरेको छ, मिठो र नमिठो छानेको, बिनेको छैन, उसको निल्ने र ओकल्ने प्रक्रियाबाट संसार गतिशील र सिर्जनशील बनेको छ । यसले कसैको अनुनय विनयलाई सुन्दैन, शक्तिको पछि लाग्दैन, तटस्थ रूपमा आफ्नो कर्ममा लाग्ने व्यावहारिक सन्देश कविताका हरेक पङ्क्तिबाट प्राप्त हुन्छ । काल निर्मोही, निष्ठुरी र व्याधा जस्तो लुकेर हिँड्ने भए पनि उसले विधिको विधानलाई निर्भिक रूपमा सञ्चालन गर्ने हुनाले यसको सामर्थ्य र शक्ति अपरम्पार छ । कविताका हरेक पङ्क्तिमा अन्तर्निहित व्यावहारिक, आध्यात्मिक, दार्शनिक ज्ञानका कारण कविता चर्चित र सङ्गृहीत बनेको छ भने पाठक वा भावकले व्यावहारिक ज्ञान प्राप्त गरेका छन् । कवितालाई गहन

अध्यात्मवादी दार्शनिक दृष्टिले मूल्याङ्कन गर्दा भौतिक जीवनको नश्वरतालाई बोध गरेपछि मानवीय मनमा निर्वेदको भाव अभिव्यक्त हुन्छ, मोक्ष प्राप्तिका मार्गहरू खुल्दछन्, चेतनामा परिवर्तन आउँछ। यसरी यस कविताका हरेक पङ्क्तिमा प्रस्तुत भावले प्राणी जातिलाई क्षणभङ्गुर सांसरिक माया मोहरूपी जालोबाट मुक्ति प्राप्त गरी कल्याणकारी भावनासहित जीवनयापनमा समर्पित हुनुपर्ने व्यावहारिक ज्ञान प्रदान गरेका छन् । जीवन दर्शनसम्बन्धी ज्ञान आर्जनको स्रोतका रूपमा रहेको संस्कृत काव्यचिन्तनलाई आधार मानेर सिर्जना भएको यस कवितामा आएको विषयवस्तुको भाव र कला दुबै युगान्तकारी हुनाले यो कविता सबैका लागि सधैं नित्य छ, नवीन छ र सङ्ग्रहणीय बनेको छ। कविता रचना भएको नौ दशक पार भइरहँदा पनि यो कविता सङ्गृहीत कविता सङ्ग्रह बिक्रीवितरण हुने क्रम निरन्तर गतिशील हुनाले धनलाभको प्रयोजनलाई पुष्टि गरेको छ ।

**शिवेतर रक्षा वा अनर्थ निवारण**

शिवेतर रक्षा र अनर्थ निवारणको प्रयोजन पनि लेखक र पाठकसँग सम्बन्धित छ। काव्यको यो प्रयोजन भौतिकवादी आजको युगमा समय सन्दर्भिक नभए पनि अध्यात्मवादी जीवन दर्शनलाई उत्कर्षमा पुऱ्याइएको हुनाले यसमा कल्याणकारी भाव अभिव्यक्त भएको छ। भौतिकवादी जीवन दर्शनलाई आत्मसात् भएको यस कवितामा जीवनको गन्तव्य मृत्यु हो भन्ने शाश्वत सत्यबोधले मानव जातिलाई कल्याणकारी कार्यमा समर्पित हुन अभिप्रेरित गरेको प्रयोजन निम्नलिखित कवितांशका माध्यमबाट भएको छ ।

जे जो मिल्छ.सुलुक्क निल्छ, मुखमा हाली चपाउन्न त्यो ।
थाल्यो च्वाम्म सबै चपाउन भने आहार पाउन्न त्यो ॥
जत्ती निल्छ उती उकेल्दछ पनी, केही पचाउन्न त्यो ।
यै चालासित कल्प कल्प कहिल्यै खाई अघाउन्न त्यो । (ऐजन, पृ. ३१)

प्रस्तुत कवितांशमा सबै जीवको जीवनको नियमित निरन्तर सत्याभासलाई अभिव्यञ्जित गर्दै जीवविज्ञानको आध्यात्मिक हेराइ र त्यसको शाश्वत सत्यलाई उद्घाटन भएको छ। मर्नु जन्मकै निरन्तरता हो तापनि मानव मृत्युदेखि त्रसित छ। कालले जति निल्छ उति ओकल्छ भन्दै मानवको पुनर्जन्मलाई सङ्केत भएको यस कवितामा अध्यात्मका माध्यमबाट जीवनमा आइपर्ने दुख, कष्ट, असहज परिस्थितिलाई पार गर्न पुनर्जन्मकै प्रतीक्षामा रही सत्यलाई स्वीकार्नु पर्ने सत्याभास व्यक्त भएको छ। मृत्युबाट त्रसित र पलायन नभई सम्पूर्ण मानव जातिलाई सत् मार्गमा अवतरित भए मात्र कल्याणकारी भावोदय हुने सार्वभौम सत्यलाई स्वीकार्ने क्षमताले नै अनर्थ निवारण हुन्छ भन्ने सन्देश प्रस्तुत भएको छ। जीवन नाशवान छ त्यसैले रिस, राग, द्वेष, घमण्ड, स्वार्थ आदिबाट मुक्त

हुनुपर्ने कल्याणकारी भावलाई आत्मसात् गरी जीवनयापनमा लाग्दा भलो हुने कुरा व्यञ्जना व्यापारका माध्यमबाट अभिव्यक्त भएको छ ।

**आनन्दानुभूतिको प्रयोजन**

यो पनि लेखक र पाठकसँग सम्बन्धित काव्यप्रयोजनन हो । यो प्रयोजन काव्यको रसास्वादनसँग सम्बन्धित छ । काव्य लेखेर, पढेर, सुनेर, बुझेर, लेखक र भावकलाई जुन किसिमको आनन्द प्राप्त हुन्छ त्यही नै काव्यको सर्वोत्कृष्ट प्रयोजन हो । कवि लेखनाथको यो कविता शार्दूलविक्रीडित छन्दमा रचना भएको छ । शास्त्रीय छन्दमा रचित यस कविताको वाचन र श्रवणबाट पनि आनन्दानुभूति प्राप्त हुन्छ । यस कवितामा प्रस्तुत आध्यात्मिक चिन्तन र त्यही चिन्तनका आधारमा प्राणीको मृत्युबोध सम्बन्धी सार्वभौम सिद्धान्त,निर्गुण भक्तिभाव आदिका आधारमा तत्त्वज्ञान अभिव्यक्त भएको छ । यस कवितामा स्रष्टा, द्रष्टा र श्रोताले हरेक पङ्क्तिपुञ्जबाट शाश्वत सत्यको बोध भए पनि निम्नलिखित अनुच्छेदमा आनन्दानुभूतिको प्रयोजन सशक्त छ ।

आँसुका दहमा नुहाउँछ चिसो पानी रचाउन्न त्यो ।
सुख्खा जर्जर अस्थिपञ्जर बिना शइया रूचाउन्न त्यो ॥
मैलो भस्म सिवाय अङ्गभरमा केही लगाउन्न त्यो ।
हाहाकार सरी मिठो अरू कुनै सङ्गीत गाउन्न त्यो ॥ (ऐजन, पृ. ३१)

भौतिक संसार र त्यो संसारका जीवात्मालाई अधीनमा राखी गतिशील हुने काललाई मानवीकरण भएको यस कविताका हरेक पङ्क्तिमा मृत्युबोधको शाश्वत सत्यलाई उद्बोध भएको छ । माया, दया , करूणा केही नभएको काल जीवका आँसुमा पौडी खेली अस्थिपञ्जरमा शयन गर्न रूचाउँछ । कालको हाहाकारसरी अभिव्यक्त हुने मानवीय आलापविलापको सङ्गीतमा रमाउने विचित्रको स्वभाव छ । जीवन भोगाइसँग सम्बन्धित कटु सत्यलाई अभिव्यक्त भएको यस काव्यांशले व्यञ्जना व्यापारका माध्यमबाट आनन्दानुभूति प्रदान गरेको छ । यहाँ अभिधेयार्थले कालको निडर, निर्मोही, व्याधाको स्वरूपलाई उल्लेख गरेपनि प्रतीयमान अर्थबाट रसानुभूतिको अवस्थामा पुगी आह्लादकत्व प्राप्त हुन्छ । काव्यले पूर्ण रूपमा भावबोध गर्दा मृत्युबाट उत्पन्न हुने व्यथातिरेकको अवस्थाभन्दा शाश्वत सत्यानुभूतिबाट हर्षातिरेकको अवस्थामा अवतरित गराउँछ । यही अवस्थामा अलौकिक आनन्दको अनुभूति हुन्छ । शास्त्रीय छन्दमा संरचित यस कविताको वाचन, श्रवण, मनन यी सबै प्रक्रियाबाट आनन्दानुभूति गर्नसकिन्छ ।

**कान्तासम्मित उपदेशको प्रयोजन**

कान्तासम्मित उपदेशको प्रयोजन सहृदयी पाठकसँग सम्बन्धित छ । 'काल-महिमा' कविता पठन र श्रवणका माध्यमबाट प्राप्त सन्देश प्रियाको वाणीजस्तै आनन्ददायी, मुदुल र कोमल छ । यसले सारा प्राणीजगत्लाई हित गर्ने काम गर्छ । कवितामा तल उल्लिखित अंशमा अभिव्यक्त आध्यात्मिक, नैतिक, मूल्यमान्यता र सन्देश रसमय छन्, प्रेयसीका सुमधुर वाणीजस्तै छन् । काव्यमा आएका हरेक शब्द र तिनमा अन्तर्निहित भावले कलात्मक कुशलतालाई प्रष्फुटन गर्दै सौन्दर्यानुभूति गरेका छन् ।

भाका भूल दया, क्षमा र ममता  सन्तोष जान्दैन त्यो ।
इन्द्रै बिन्ति गरून् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो ॥
थुप्रोमा उधिनी मिठो र नमिठो छुट्याइ छान्दैन त्यो ।
खाता जाँचि सबै दुरूस्त नबुझी बिर्सेर हान्दैन त्यो ॥ (ऐजन, पृ. ३१)

उपर्युक्त कवितांशमा व्यक्त आध्यात्मिक चिन्तनलाई व्यञ्जना व्यापारका माध्यमबाट अभिव्यक्त गरिएका काव्यानुभूति अत्यन्त श्रुतिमधुर छन्, प्रियाका वाणीजस्तै छन् । भाव र कलाको उचित संयोजन भएको यो कविता शार्दूविक्रीडित छन्दमा संरचित छ । जातीय छन्दका रूपमा आफ्नो पहिचान बनाएको यस छन्दलाई गति र यति मिलाएर पढ्दा अलौकिक श्रुतिमाधुर्यताको आनन्दानुभूति गर्न  सकिन्छ । कला र भावको उचित संयोजन भएको यस कविताको वाचन तथा श्रवणमा वाचक तथा श्रोतालाई अर्पूव आनन्दानुभूति हुन्छ । यस्तो अनुभूति स्रष्टा, पाठक र श्रोता सबैले गर्नसक्छन् ।

**कवितामा शब्दार्थ सम्बन्ध**

शब्दार्थ सम्बन्धका आधारमा कविताको अभिधेयार्थ, लक्ष्यार्थ र व्यङ्ग्यार्थ सम्बन्धलाई अलगअलग उपशीर्षकमा तलका सन्दर्भमा विश्लेषण भएको छ ।

**कवितामा अभिधा**

काव्यमा अन्तर्निहित प्रत्यक्ष वा पहिलो स्तरको कोशीय अर्थबोध गराउने शब्दशक्ति अभिधा शब्दशक्ति हो यसले बोध गराउने अर्थ वाच्यार्थ हो र वाच्यार्थको बोध गराउन आउने शब्द वाचक शब्द हो । सुन्नासाथ अर्थिने वक्ता र स्रोताको सहज ज्ञानमा आश्रित वाचक शब्दद्वारा बोध्य अर्थ नै वाच्यार्थ हो (गौतम, २०५५, पृ. ४४) । अभिधेयार्थ पनि रूढ, यौगिक र योगरूढ गरी तीन किसिमको हुन्छ । लोकप्रचलन वा व्यवहार अनुसार भन्दै र मानिदै आएको अर्थसङ्केत रूढि वाच्यार्थ हो भने वाचक शब्दका अवयवलाई योग गरी निर्माण भएको शब्दले बोध गराउने वाच्यार्थ यौगिक वाच्यार्थ हो । यौगिक शब्दको अर्थ निश्चित वा स्तरीकृत भई संभावित अन्य अर्थहरू भई कुनै भावविशेषमा अभिधेयार्थ रूढ हुने वाच्यार्थ योगरूढ वाच्यार्थ हो ( गौतम, २०५५, पृ. ४४-४५) । यसरी रूढि

अभिधेयार्थ बोध गराउने शब्द प्रकृति प्रत्ययरहित हुन्छ । प्रकृतिप्रत्ययको योगबाट निर्मित वाचक शब्दले यौगिक वाच्यार्थ बोध गराउँछ । प्रकृतिप्रत्ययको योगबाट निर्मित वाचक शब्दले लोकप्रसिद्धिका आधारमा विशिष्ट अर्थबोध गराउँछ भने त्यो योगरूढ वाच्यार्थ हो । कविशिरोमणि लेखनाथ पौडयालको 'काल-महिमा' कविताको शीर्षकले योगरूढ वाच्यार्थको प्रतीति गराएको छ । शादूलविक्रीडित छन्दका चार श्लोकमा संरचित यस कवितामा काव्यप्रतिभाले जीवनको उत्तरार्द्ध चरणमा आइपुग्दा लोकपर्यवेक्षण गरी आफूले भोगेका शाश्वत अनुभवजन्य अनुभूतिलाई शास्त्रज्ञानसँग समन्वय गरी काव्यका रूपमा प्रस्तुत गरेका छन् ।

राजा रङ्क सबै समान उसका वैषम्य गर्दैन त्यो ।
आयो, टप्प टिप्यो, लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ॥
लाखौ औषधि अस्त्रशस्त्र महिमा देखेर डर्दैन त्यो ।
व्याधातुल्य लुकेर चल्दछ सदा मारेर मर्दैन त्यो ।

(पौडयाल, २०३१, पृ. ३१)

यस कवितांशले सोझो अर्थमा कालको निरपेक्ष र निर्भिक व्यवहार तथा अमर र अदृश्य प्रवृत्तिको बोध गराएको छ । कालले कसैलाई भेद गर्दैन, यो कसैको वहानामा अल्झिदैन र यो कसैको अनुरोधमा रोकिदैन । यो निर्भिक छ, अस्त्रशस्त्र र औषधीले पनि यसको गति रोक्नसक्दैन । अरूलाई मार्ने काल सदा अमर र अदृश्य छ, यो यस कविताको सोझो अर्थ हो । कविताको मूल भाव यसैसँग सम्बन्धित हुनाले कवितामा वाच्यार्थ प्रमुख बनेर आएको छ । कवितामा यही वाच्यार्थको बोधबाट अर्थका अन्य तहलाई बोध गर्न सकिन्छ । यसले कवितामा वाच्यार्थ शसक्त र सबल बनेर आएको पुष्टि गरेको छ । कविले यही अर्थका आधारमा आध्यात्मिक वेदान्त दर्शनलाई प्रस्तुत गरी शान्त रस परिपाकको अवस्थामा पुर्‍याका छन् । यस कवितामा 'काल-महिमा' शीर्षकले नै योगरूढ वाच्यार्थको प्रतीति गराएको छ । शादूलविक्रीडित छन्दका चार श्लोकमा संरचित यस कवितामा कविको काव्यप्रतिभाले जीवनको उत्तरार्द्ध चरणमा आइपुग्दा लोकपर्यवेक्षण गर्दा भोगेका शाश्वत अनुभवजन्य अनुभूतिलाई शास्त्रज्ञानसँग समन्वय गरी काव्यका रूपमा प्रस्तुत गरेका छन् । उपर्युक्त काव्यांशको यही सोझो अर्थले कवितामा वाच्यार्थप्रधान बनेर रहेको पुष्टि भएको छ ।

**कवितामा लक्षणा**

मुख्यार्थबाट अर्थ स्पष्ट हुन बाधा भएपछि त्यससँग सम्बन्धित अन्यार्थ बोध गराउने शब्दशक्ति लक्षणा शब्दशक्ति हो । यस शक्तिको बोध गराउन आउने शब्द लक्षक शब्द हो यसले बोध गराउने अर्थ लक्ष्यार्थ हो । मुख्यार्थ बाधित हुँदा र त्यससँग सम्बद्ध रहँदा रूढि, प्रसिद्धि वा प्रयोजनका आधारमा जुन

वृति वा शब्दशक्तिद्वारा अन्य अर्थको प्रतीति हुन्छ त्यो कल्पित व्यापार नै लक्षणा हो (चापागाईं, २०५५, पृ. ७२२) । लक्ष्यार्थको बोध हुँदा मुख्यार्थमा बाधा हुन्छ र त्यससँग सम्बन्धित रूढि वा प्रयोजनका आधारमा अर्को अर्थको बोध हुन्छ । यसै आधारमा संस्कृत काव्यचिन्तनमा आचार्यहरूले लक्षणालाई रूढि र प्रयोजनवती दुई प्रकारमा वर्गीकरण गरेका छन् । जुन लक्षणामा रूढि वा लोकप्रसिद्धिका कारण मुख्यार्थलाई छाडेर अन्यार्थलाई ग्रहण गरिन्छ त्यो लक्षणामा रूढि लक्षणा हो । यसमा चामत्कारिक अर्थ नरहने हुनाले अभिधेयार्थको स्तरमा राखिएको हुन्छ । विशेष प्रयोजन वा अभिप्रायले मुख्यार्थलाई छाडेर अन्यअर्थ ग्रहण गरिन्छ त्यो लक्ष्यार्थ हो (चापागाईं, २०५५, पृ. ७२३) । प्रयोजनवती लक्षणालाई पनि आचार्यहरूले शुद्धा र गौडी गरी भेदोपभेद गर्दै मम्मटले आठ र विश्वनाथले असी पुर्‍याए पनि मम्मटले गरेको वर्गीकरणलाई उत्तरवर्ती आचार्यहरूले स्वीकारेका छन् । यसको प्रयोग तथा प्रसिद्धि प्राचीन लोकसाहित्य उखानटुक्कादेखि अर्वाचीन साहित्यसम्म रहेको छ ।

जे जो मिल्छ.सुलुक्क निल्छ, मुखमा हाली चपाउन्न त्यो ।
थाल्यो च्वाम्म सबै चपाउन भने आहार पाउन्न त्यो ॥
जत्ती निल्छ उती उकेल्दछ पनी, केही पचाउन्न त्यो ।
यै चालासित कल्प कल्प कहिल्यै खाई अघाउन्न त्यो ।

(पौडचाल, २०३१, पृ. ३१)

उपर्युक्त कविताशंमा कालको नित्य निरन्तर गतिशील हुने प्रवृत्तिको अभिधेयार्थ बोध पछि त्यसबाट अर्थ स्पष्ट हुन बाधा भएपछि मुख्यार्थसँग सम्बन्धित वेदान्त दर्शनमा आधारित शाश्वत सत्यका रूपमा अभिव्यञ्जित पुनर्जन्मको निरन्तरतालाई लक्ष्यार्थका रूपमा बोध भएको छ । काव्यांशमा राजादेखि रङ्कसम्मका जनता कसैलाई पनि नछाड्ने कालले चपाएर नखाने र खाएको सबै ओकल्ने तथा खाएर कहिल्यै नअघाउने खन्चुवा प्रवृत्तिको रहेको विषयलाई उल्लेख भएको छ । यही अभिधेयार्थका माध्यमबाट कालले पनि सृष्टिको निरन्तरतालाई अवरूद्ध वा उल्लङ्घन गर्न नपाउने तत्त्वमीमांसा अभिव्यञ्जित भएको छ । कालले निलेको सबै ओकल्ने र खाएर कहिल्यै नअघाउने प्रवृत्तिका कारण संसार र सृष्टि आआफ्नै गतिमा गतिशील छन् । यसरी यस काव्यांशले सार्वभौम पद्धतिका रूपमा गतिशील मृत्युबोधबाट मानिस जतिसुकै त्रसित र विचलित भए पनि मृत्युबाट मुक्ति सम्भव नभएको यथार्थको आभास गराउँदै त्यसबाट मुक्ति पाउनु भनेको मृत्युलाई स्वीकार्नु र पुनर्जन्मको अपेक्षा गर्नु हो भनेका छन् ।

**कवितामा व्यञ्जना**

काव्यमा अभिधा तथा लक्षणा शब्दशक्तिले बोध गराउन नसकेको तेस्रो अर्थ बोध गराउन आउने शब्दशत्ति व्यञ्जना शक्ति हो । यस शक्तिको बोध व्यञ्जक शब्दले गराउँछन् र यिनले बोध

गराउने अर्थलाई व्यङ्ग्यार्थ भनिन्छ । व्यञ्जना एक किसिमको अञ्जन, ध्वनन, अवगमन, वा द्योतन हो जसले अभिधा लक्षणा आदि शब्दशक्तिद्वारा अप्रकाशित अर्थको प्रकाशन गर्दछ (पोखरेल, २०५९, पृ.९६) । अभिधा र  लक्षणा शब्दशक्तिको सम्बन्ध शब्दसँग मात्र हुन्छ भने यस शक्तिले शब्द र अर्थ दुबैसँग सम्बन्ध राख्दै शब्द, वाक्य वा प्रकरणमा लुकेर रहेको गूढार्थलाई प्रतीति गराउँछ । व्यञ्जना व्यापारबाट बोध गराउने अर्थले देश, काल, सन्दर्भ, परिस्थितिअनुसार एउटै कथनबाट अनेक अर्थ बोध गराउनसक्छ । आचार्य मम्मटले यसलाई शाब्दी व्यञ्जना र आर्थी व्यञ्जना गरी दुई प्रकारमा वर्गीकरण गरी त्यसका पनि विभिन्न भेदोपभेद गरेका छन् । साहित्यमा व्यङ्ग्यार्थ प्रधान काव्यलाई उत्तम काव्यको संज्ञा दिइएको छ । यसैका आधारमा ध्वनिवादको महल अडिएको छ । रस, ध्वनि, भाव, रसाभास, भावाभास आदिको प्रतीति पनि यसैका आधारमा हुने हुनाले अन्य शक्तिको तुलनामा साहित्यमा यसको महत्त्व बढेको छ ।

आँसुका दहमा नुहाउँछ चिसो पानी रूचाउन्न त्यो ।
सुख्खा जर्जर अस्थिपञ्जर बिना शैया रूचाउन्न त्यो ॥
मैलो भस्म सिवाय अङ्गभरमा केही लगाउन्न त्यो ।
हाहाकार सरी मिठो अरू कुनै सङ्गीत गाउन्न त्यो ॥

(पौडयाल, २०३१, पृ. ३१)

यस कविताशंमा कालले आँसुका तलाउमा नुहाउँछ भन्ने वाच्यार्थको बोध गराएपछि भस्म लेपन गरेर हिंड्ने योगीको बोध गराउँदा पनि अर्थ स्पष्ट नभएपछि त्यो भन्दा पर पुगेर मृतात्मा, दैत्य, भूत वा राक्षस भन्ने प्रतीयमान अर्थको प्रतीति गराउँछ, यही अर्थ नै व्यङ्ग्यार्थ हो, यसको बोध व्यञ्जना व्यापारबाट भएको छ । यस्तो राक्षसको स्वरूप धारण गरेको काललाई मानवीय आँसुको तातो कुण्डमा नुहाउँदा, मानवका नजलेका र नगलेका हड्डीको बिस्तारामा शयन गर्दा, मानवलाई जलाएको खरानीलाई वस्त्रका रूपमा धारण गर्दा र मानवको रूवाबासको कोलाहलयुक्त परिवेशले मात्र आनन्द दिने भावानुभूति व्यक्त भएको छ । त्यसैले यहाँ यही गूढार्थको प्रतीति हुनु व्यङ्ग्यार्थ हो । यस कवितामा वाच्यार्थ, लक्ष्यार्थ र व्यङ्ग्यार्थ शब्दार्थ सम्बन्धको प्रतीति भए पनि कविले लोकपर्यवेक्षण गरी कालको शाश्वत सत्य प्रवृत्तिलाई अनुभवजन्य शास्त्रज्ञानका माध्यमबाट निरन्तर प्रयत्नको प्राप्तिका रूपमा रहेको छ ।

## निष्कर्ष

प्रस्तुत 'काल-महिमा' कविता लेखनाथ पौडेल (१९४१-२०२२) को काव्ययात्राको दोस्रो चरण (१९९१) मा प्रकाशित भई लालित्य (२०१०) मा सङ्गृहीत भई पुनः प्रकाशित भएको कविता हो । यस अध्ययनमा कविताको कला र भाव पक्षसँग सम्बन्धित संस्कृत काव्यचिन्तनका काव्यहेतु, प्रयोजन र

शब्दार्थसम्बन्धका आधारमा कविताको विश्लेषण गर्दा मुख्य प्राप्तिका रूपमा अमूर्त र अदृश्य कालको मानवीकरणद्वारा मूर्तीकरण गरी कालको शाश्वत सत्य प्रवृत्तिलाई जन्म, मृत्यु र पुनर्जन्मको निरन्तर प्रक्रियाको बोध गराउनु हो । कवितामा कविकल्पित प्रतिभामा लोकपर्यवेक्षण, शास्त्रज्ञान र कविको दीर्घसाधनागत व्युत्पत्तिगत ज्ञानले कालको महिमा गान भएको यस कवितामा अन्तर्निष्ठ र बहिर्निष्ठ पद्दतिबाट अर्थबोध भएको छ । संस्कृत काव्यचिन्तनका सबैजसो काव्यसिद्धान्तका आधारमा अध्ययनीय यस कवितामा परिष्कारवादी कविले शास्त्रीय पद्दतिको पूर्ण रूपमा पालना गरी निरन्तर रूपमा गरेको दीर्घसाधनाले रस, छन्द, ध्वनि, अलङ्कार, गुण, शब्दार्थ सम्बन्ध आदिको उचित संयोजन भई कलासौन्दर्य र भावसौन्दर्य चरमोत्कर्षमा पुगेको छ ।

पूर्वीय वेदान्त दर्शनका अध्येता लेखनाथ पौडेलको जन्मजात आर्जित ज्ञान, संस्कारादिका कारण प्राप्त आध्यात्मिक चिन्तन र लोकपर्यवेक्षणका रूपमा मनमष्तिस्कमा उब्जिएका भाव कारयित्री प्रतिभा हो । अझ त्यसमा पनि कविको अनुभव,अनुभूति तथा लोकपर्यवेक्षणबाट प्राप्त ज्ञानमा उत्पाद्य ज्ञान अभिव्यञ्जित भएको छ । यही प्रतिभाबाट निसृत काव्यबीजमा शास्त्रज्ञान, निपुणता र निरन्तर अभ्यासका कारण सफल कविताको रचना भएको छ । प्रस्तुत कवितामा कीर्तिलाभ, धनलाभ, आनन्दानुभूति जस्ता प्रयोजनलाई पुष्टि भएको छ तापनि पूर्वीय वेदान्त दर्शनलाई आध्यात्मिक चिन्तनका माध्यमबाट प्रस्तुत भएको यस कवितामा कीर्तिलाध, अनर्थनिवारण र शिवेतरक्षत अर्थात् मृत्युका माध्यमबाट मोक्षको मार्गदर्शन गर्नु प्रमुख प्रयोजन बनेर आएको छ । कवितामा व्युत्पत्तिगत ज्ञान सशक्त हुनुका कारण शास्त्रीय नियमको पूर्ण पालना भएको छ । कवितामा शब्दवैविध्य र परिष्कारवादी शैलीका कारण कविताले कलात्मक उचाइ प्राप्त गरेको छ । अभिधा शक्तिले कवितामा काव्यार्थको आधार तयार गरी अर्थबोधको ढोका खोलेको छ, मुत्युबाट उत्पन्न त्रासले मानवको मनमुटु हल्लएको छ, कालका महिमा गानमा आएका प्रवृत्तिले समय वा मृत्यु बोध गराएको छ, बहिर्निष्ठ अर्थबोध गराएको छ भने कवितामा अन्तर्निहित व्यञ्जना व्यापारबाट प्राप्त प्रतीयमान अर्थले  कविताको भाव सौन्दर्यलाई उद्दीप्त पारेको छ । मृत्युसम्बन्धी आध्यात्मिक चिन्तनलाई कालको परिणतिमा अन्तर्निष्ठ गरेको छ मृत्यु शाश्वत सत्य हो र यसले पुनर्जन्मका माध्यबाट मोक्ष प्राप्तिलाई मार्गनिर्देश गरेको छ । प्रस्तुत कविता तीनै तहका शब्दशक्तिको प्रयोग भए पनि अभिधार्थमा नै शक्तिशाली रहेको तथा लक्षणा र व्यञ्जना यसमा अभिव्यक्त वाच्यार्थलाई पुष्टि गर्ने प्रयोजनका लागि उपस्थित भएको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, अनिल र केशवप्रसाद अधिकारी (२०८०). “पिँजराको सुगा कवितामा सिर्जनात्मक हेतु”. *सहयात्रा* ६(१), पृ. ८५-९७ । DOI: https://doi.org/10.3126/sahayaatra.v6i1.58426

उपाध्याय, केशवप्रसाद (२०६७) . *पूर्वीय साहित्य सिद्धान्त* (पाँचौं सस्क.), साझा प्रकाशन ।

गौतम, देवीप्रसाद (२०५५) .*'अभिधा', नेपाली साहित्यकोश.* (सम्पा.), ईश्वर बराल, कृष्णचन्द्रसिंह प्रधान र अन्य, नेपाल प्रज्ञाप्रतिष्ठान ।

चापागाईं, नरेन्द्र (२०५५) .*'लक्षणा शक्ति' नेपाली साहित्यकोश.* (सम्पा.), ईश्वर बराल, कृष्णचन्द्रसिंह प्रधान र अन्य, नेपाल प्रज्ञाप्रतिष्ठान ।

त्रिपाठी, वासुदेव (२०५२). 'भूमिका'. कुमारबहादुर जोशी (कृतिकार). *महाकवि देवकोटा र उनका महाकाव्य* (तेस्रो संस्क.), साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५५) .*'काव्य' नेपाली साहित्यकोश,* (सम्पा.), ईश्वर बराल, कृष्णचन्द्रसिंह प्रधान र अन्य, नेपाल प्रज्ञाप्रतिष्ठान ।

त्रिपाठी, वासुदेव (२०२८). 'नेपाली कविताको यात्रा'. *आधुनिक नेपाली कविता,* (सम्पा.कृष्णचन्द्रसिंह प्रधान), साझा प्रकाशन ।

थापा, मोहनहिमांशु (२०७३). *साहित्य परिचय* (छैटौँ सस्क.), साझा प्रकाशन ।

पोखरेल, भानुभक्त (२०५९). *सिद्धान्त र साहित्य* (दोस्रो संस्क.), साझा प्रकाशन ।

पौडयाल, लेखनाथ (२०७६). *लालित्य भाग -१,* (एघारौं संस्क.), साझा प्रकाशन ।

भामह. (सन् २०१०). *काव्यालङ्कार,* राष्ट्रिय संस्कृत संस्थान ।

भट्टराई, गोविन्दप्रसाद (२०७७). *पूर्वीय काव्यसिद्धान्त* (दोस्रो सस्क.), नेपाल प्रज्ञाप्रतिष्ठान ।

मम्मट (सन् १९८३). *काव्यप्रकाश,* मोतीलाल बनारसीदास पब्लिसर्स ।

श्रेष्ठ, ईश्वरकुमार (२०६२). *पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली* (चौथो संस्क.), साझा प्रकाशन ।

सुवेदी, हंसपुरे (२०५५). 'काव्यहेतु'. *नेपाली साहित्यकोश* . (सम्पा.) ईश्वर बराल, कृष्णचन्द्रसिंह प्रधान र अन्य, नेपाल प्रज्ञाप्रतिष्ठान ।